# Mid-West University
# Graduate School of Education
# Surkhet, Nepal

## M.Ed. in Nepali Education

## First Semester Curriculum

## 2025

# M.Ed. in Nepali Education

# First Semester

| | |
|---|---|
| **1. Philosophical Foundations of Education (EDU211)** | **C.H. – 3** |
| **2. Education and Development (EDU212)** | **C.H. – 3** |
| **3. भाषाविज्ञान (नेपा२१३)** | **C.H. – 3** |
| **4. पूर्वीय साहित्य सिद्धान्त (नेपा२१४)** | **C.H. – 3** |
| **5. आधुनिक नेपाली कविता (नेपा२१५)** | **C.H. – 3** |
| **6. आधुनिक नेपाली कथा र उपन्यास (नेपा२१६)** | **C.H. – 3** |

**Mid-West University**
**Graduate School of Education**
**M.Ed. in Nepali Education**

Course Title: Philosophical Foundations of Education Course code: EDU211
Level: M.Ed. Nature of Course: Theoretical
Semester: First Credit Hours: 3

## 1. Course Description

This core course provides a comprehensive understanding of the philosophical and sociological foundation of education. It critically examines how education is shaped by society, culture, ideology and human development. Emphasis is placed on developing analytical, reflective, and research-based professional competencies essential for advanced educational practice and leadership. This course also provides the theoretical knowledge of philosophy and sociology. It discuss also tripartite relationship among philosophy, education and sociology.

## 2. Competencies

Upon completion of this course, students will be able to:

1. Understand education as a philosophical and social process.
2. Analyze the major philosophical schools and their educational implication.
3. Examine the concept and relationship between society, culture and education.
4. Critically reflect on contemporary social issues affecting education.
5. Apply socio philosophical perspectives in educational policy and practice

## 3. Course Content

| Unit/Content | Learning Outcomes | Detailed contents/Depth of content |
|---|---|---|
| **Unit I: Philosophical Foundations of Education (10 hrs)** | • Explain the concept, nature, and definition of education<br>• Describe the concept of philosophy<br>• Analyze the relationship between philosophy, society, and education<br>• Justify education as a normative and social discipline<br>• Over view the field of philosophy | • Meaning, nature, and definition of education<br>• Meaning and definition of philosophy<br>• Use and functions of philosophy in education<br>• Relationship between education and philosophy<br>• Education as a normative and social process<br>• Brief review of the field of philosophy<br>1. Metaphysics<br>2. Epistemology<br>3. Axiology<br>4. Logic |
| **Unit II: Different Eastern Philosophy (10 hrs)** | • Explain the meaning, features scope and sources of Eastern philosophy<br>• Appreciate the holistic and spiritual orientation of Eastern thought<br>• Emphasis the educational implication of all eastern philosophy | • Meaning, features, scope, and sources of eastern philosophy<br>• Concept of Hinduism and its six orthodox ( Naya, Vaisheshika, Sankhya,Yoga, Mimansa and Vedanta)<br>• Meaning of Buddhism and its three Jewel (Ontology, Epistemology and Axiology)<br>• Concept of Islam and its five pillars (Shahada, Salah, Zakat, Sawan and Hajj)<br>• Short concept Kirat, Jain, Confucianism and Taoism<br>• Educational implication of all philosophy |

| | | |
|---|---|---|
| **Unit III:**<br><br>**Western**<br><br>**Philosophy (8 hrs)** | • Apply the meaning, characteristics, scope and sources of western philosophy<br>• Study about progressive concept and its educational application<br>• Explain the existential philosophical premises, role of teacher and student and implication<br>• Critically evaluate the Christian philosophy and its ontology, epistemology and axiology | • Meaning, features, scope, and sources of western philosophy<br>• Progressivism, its philosophical premises, role of teachers, students and classroom implication<br>• Existentialism, its philosophical premises, role of teachers, students and classroom implication<br>• Concept of Christianity and its Ontology, Epistemology and Axiology |
| **Unit IV: Sociological Foundations of Education (10 hrs)** | • Explain sociological perspectives of education<br>• Analyze the role of education in socialization and social change<br>• Examine the relationship between education and social institutions Interpret education as a social process<br>• Know the different between sociology of education and educational sociology<br>• Elaborate the meaning of sociological theories | • Meaning and concept of sociology<br>• Education and society: The relationship and function of education in society<br>• Education as an instrument of social change and social control<br>• Concept of socialization<br>• Role of school, family, and community in education<br>• Sociology of education and educational sociology<br>• Sociological theories (Structure functionalism, Conflict and Symbolic ) |
| **Unit V:**<br><br>**Social Transformation (10 hrs)** | • Analyze the relationship between education and culture<br>• Explain the impact of social stratification on education<br>• Critically examine issues of equity and social justice<br>• Evaluate the role of education in promoting democracy and inclusion | • Concept of social change and transformation<br>• Education and culture: meaning and interrelationship<br>• Social stratification and its basic characteristics (Antiquity, Ubiquity, The social patterning, amount, consequences, and the diverging form)<br>• Equality, equity, and social justice in education<br>• Education and democracy<br>• Contemporary social issues: globalization, inclusion, multiculturalism<br>• Social change and transformation |

| | | |
|---|---|---|
| | | • Social mobility and its types (Vertical, Horizontal, Embourgeoisement, Latent, Intra and intergenerational) |

**4. Teaching Learning Strategies**

1. Lectures (to explain the concept)
2. Group discussion and seminar
3. Case study and role play
4. Demonastation and micro teaching
5. Project or assignment work

**5. Assessment and Evaluation**

40% Internal

60% External

**Internal Evaluation will be based on the Following Criteria (40%):**

- Attendance 5%
- Assignment 5%
- Presentation 10%
- Project work 10%
- Mid-term Exam 10%

**External Evaluation will be based on the Following Criteria (60%):**

| Nature of Questions | Total Questions to be Asked | Number of Questions to be Answered | Weightage |
|---|---|---|---|
| Multiple Choice Items | 10 | 1 x 10 Marks | 10 Marks |
| Short Answer Questions | 8 with 2 ‘or’ Questions | 6 x 5 Marks | 30 Marks |
| Long Answer Questions | 3 with 1 ‘or’ Question | 2 x 10 Marks | 20 Marks |

**6. References**


Ozmon, H. A., & Craver, S. M. (2013). *Philosophical Foundations of Education*. Pearson

Noddings, N. (2016). *Philosophy of Education*. Westview Press

Sharma, R. A. (2014). *Philosophical and Sociological Foundations of Education*. Surjeet Publications

Brubacher, J. S. (1962). *Modern Philosophies of Education*. McGraw-Hill

Kneller, G. F. (1971). *Introduction to the Philosophy of Education*. Wiley

Aggarwal, J. C. (2015). *Philosophical and Sociological Foundations of Education*. Shipra Publications

Brookover, W. B. (1955). *Sociology of Education*. American Book Company

Ballantine, J. H., & Hammack, F. M. (2012). *The Sociology of Education*. Pearson

Sadker, D., & Zittleman, K. (2010). *Teachers, Schools and Society*. McGraw-Hill

Banks, J. A. (2015). *Cultural Diversity and Education*. Routledge

Bourdieu, P. (1990). *Reproduction in Education, Society and Culture*. Sage

Gore, M. S. (2002). *Sociology of Education*. Rawat Publication

Dewey, J. (1916). *Democracy and Education*. Macmillan

Freire, P. (2000). *Pedagogy of the Oppressed*. Continuum

Ministry of Education, Nepal. *Education Policies and Reports*

**Mid-West University**
**Graduate School of Education**
**M.Ed. in Nepali Education**

Course Title: Education and Development | Course code: EDU212
Level: M.Ed. | Nature of Course: Theoretical
Semester: First | Credit Hours: 3

---

## 1. Course Description

This course is designed for those students who intend to have general knowledge about education and development. It aims to help the students develop knowledge and skills that are necessary to formulate and implement the developmental issues of the nation. Students are encouraged throughout the course to consult with experts or specialists to develop insights into the real meaning of education and development.

## 4. Competencies

Upon completion of this course, students will be able to:

a) To enable the students to explore the meaning of education and development.
b) To make the students familiar with principles of resource mobilization for development through the educational process.
c) To make the students explore the knowledge of globalization and social development.
d) To enable the students to be familiar with the relation between school and development.
e) To provide the students with the concept of different types of development theory.

## 1. Course Content

| Unit/Content/Teaching Hours | Learning Outcomes | Detailed contents/Depth of content |
|---|---|---|
| **Unit 1:**<br>**Meaning of Education and Development. ( 9)** | 1.1- Write the meaning of education and development<br>1.2- Discuss the historical development of education and development<br>1.3- Explain the process of social development process<br>1.4- Explain the approaches to participatory social development modes. | 1.1 Meaning of education.<br>- Evolution of Education<br>1.2 Meaning of development.<br>- Historical concept of development.<br>1.3 Individual development<br>- Function of education for individual development.<br>1.4 Social development<br>- Process of social development<br>- Role of education in social development.<br>1.5 Participatory social development<br>-Approaches of participatory social development.<br>- Participatory<br>- Empowerment<br>- Adjustment<br>- social justice |
| **Unit 2:**<br>**Principles of Resource Mobilization for Development( 10)** | 2.1- Define the principles of resource mobilization for development.<br>2.2 - Clarify the concept of access to education. | 2.1- Concept of Access to Education.<br>- National efforts on access to education.<br>2.2 - Meaning of inclusion<br>- Policy of inclusion in Nepal<br>2.3- Protection of resources |

| | | |
|---|---|---|
| | 2.3- Elaborate on the different resources in the context of Nepal<br>2-4- Discuss the role of community participation theory in education<br>2.6- Clarify the concept of HRD and its role in development.<br>2.7- Discuss the different principles of vocational training.<br><br><br><br>- | - Natural resources<br>- cultural resources<br>- social resources<br>- Financial resources<br>2.4- Community participation theory<br>-Practices in community participation in education<br>-Principles of community participation theory<br>2.5- Cost-effective and appropriate resourcing in education.<br>- Grants for education<br>- Sources of investment in education<br>2.6- Concept of human resources development.<br>- strategy of human resources development<br>- Policies and practices of human resources development<br>2.7- Principles of vocational training<br>- Types of training<br>- Principles of training |
| **Unit 3:**<br>**Globalization and Social Development (10 Hrs)** | 3.1 Clarify the different dimensions of globalization<br>3.2- Analyze the educational deficits and gaps of the educational sector.<br>3.3- Explain the progress coverage in education.<br>3.4- Show the relation between education, employment, and income.<br>3.5- Discuss the dynamics of the production and employment structure.<br>3.6- Analyze the globalization and labor flexibility. | 3.1- Meaning and concept of globalization<br>3.2 Different dimensions of globalization.<br>3.3- Educational deficits and gaps of the educational sector.<br>3.4- Progress coverage in education.<br>3.5- Education, employment, and income.<br>3.6- Globalization and employment<br>3.7- Dynamics of the production and employment structure.<br>3.8 Globalization and labor flexibility.<br>3.9 Role of ICT in globalization |
| **Unit-4**<br>**School and Development(9)** | 4.1-Explore the concept of a school as a learning organization.<br>4.2- Elaborate on the process of teacher recruitment.<br>4.3 List out the stages of the carrier development programme. | 4.1- Concept of school as a learning institution.<br>4.2 – Significance and process of teacher recruitment.<br>4.3 Stage of the carrier development programme.<br>4.4 – The nature of the Profession.<br>-Principles of an effective classroom setting<br>4.5- Teacher collaboration and contrived collegiality.<br>4.6- Knowledge and teaching are the new foundation of reform. |

| | | |
|---|---|---|
| | | - types of knowledge<br>- Sources of knowledge<br>-Approaches of pedagogical reasoning |
| **Unit 5:**<br>**Development Theories (10Hrs)** | 5.1- Analyze the dependency theory.<br>5.2- Discuss the different modes of production theory.<br>5.3- Explain the principles of world system theory.<br>5.4 Analyze the impact of neoliberalism in the educational sector.<br>5.5- Explore the concept of modernism and its application in development.<br>5.6- Identify postmodernism with its principles. | 5.1- Dependency theory.<br>- Principles of dependency theory<br>- Impact of dependency theory on society<br>5.2- Concept of production theory.<br>- Key features and modes of production theory<br>5.3- World system theory and its assumptions<br>5.4- Neoliberalism.<br>- Objective and principles of neoliberalism.<br>5.5- Modernism<br>- objectives and principles of modernism<br>5.6- Post-modernism<br>- Objectives and principles of modernism. |

**4. Teaching Learning Strategies**

Discussion, Lecture, Project method, presentation, note-taking, individual study, demonstration, and seminar sessions will be used to clarify the suggested content of this course.

**5. Assessment and Evaluation**

40% Internal

60% External

**Internal Evaluation will be based on the Following Criteria (40%):**

- Attendance 5%
- Assignment 5%
- Presentation 10%
- Project work 10%
- Mid-term Exam 10%

**External Evaluation will be based on the Following Criteria (60%):**

| Nature of Questions | Total Questions to be Asked | Number of Questions to be Answered | Weightage |
|---|---|---|---|
| Multiple Choice Items | 10 | 1 x 10 Marks | 10 Marks |
| Short Answer Questions | 8 with 2 ‘or’ Questions | 6 x 5 Marks | 30 Marks |
| Long Answer Questions | 3 with 1 ‘or’ Question | 2 x 10 Marks | 20 Marks |

**6. References:**

Education and development (2002).Module 3 (compendium of readings part one) units 6 and 7

Christopher, C., Jeff, E., and Mathew, A. (2005). Human resource management practices alignment and firm performance. Ithaca, NY: Cornell University.

मध्यपश्चिम विश्वविद्यालय
ग्र्याजुएट स्कुल अफ एजुकेसन
एम.एड. नेपाली शिक्षा

पाठ्यांश शीर्षक : **भाषाविज्ञान** पाठ्यांश सङ्ख्या : **नेपा५१३**
तह : एम.एड. पाठ्यांश प्रकृति : सैद्धान्तिक
सत्र : पहिलो क्रे.आ. : ३

## १. पाठयांश परिचय

प्रस्तुत पाठ्यांश मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेसनअन्तरगत सेमेस्टर प्रणालीमा आधारित दुई बर्से मास्टर अफ एजुकेसन (एम.एड.) तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशमा भाषा र भाषाविज्ञानको परिचय, ध्वनिविज्ञानको परिचय, रूप र वर्णविश्लेषणको परिचय तथा रूप र वर्णविश्लेषणको पद्धति, वाक्यविज्ञानको सैद्धान्तिक स्वरूप र वाक्य विश्लेषणको प्रक्रिया तथा अर्थविज्ञानको परिचय तथा अर्थका प्रकारहरूको बारेमा जानकारी गराउने उद्देश्य राखिएको छ ।

## २. साधारण उद्देश्य

- भाषा र भाषाविज्ञानसँग परिचित गराउने,
- ध्वनिविज्ञान र यसका शाखाहरूको वर्णन गर्न सक्ने क्षमताको विकास गर्ने,
- ध्वनि उत्पादन प्रक्रिया र ध्वनिहरूका बारेमा जानकारी प्रदान गर्ने,
- वर्ण सिद्धान्त र वर्ण विश्लेषण प्रक्रियासम्बन्धी क्षमताको अभिवृद्धि गर्ने,
- नेपाली भाषाका वर्णहरूका बारेमा व्याख्या सक्ने क्षमताको अभिवृद्धि गर्ने,
- रूप विश्लेषण प्रक्रियाका साथै रूपायन प्रक्रियासित परिचित गराउने,
- शब्दहरूको कार्यमूलक वर्गीकरण गर्ने र सन्धिविज्ञानसित परिचित गराउने,
- वाक्यविज्ञानसित परिचित गराई भाषाका वाक्यतात्त्विक विशेषताहरूको जानकारी गराउने,
- अर्थविज्ञानका आधारभूत पक्षको जानकारी प्रदान गर्न सक्ने क्षमताको विकास गर्ने ।

## ३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्यविषय |
|---|---|
| • भाषाको परिचय दिन,<br>• भाषाका विशेषताहरूको वर्णन गर्न,<br>• भाषाविज्ञानको परिचय दिन,<br>• भाषाविज्ञानका मूलभूत विशेषता बताउन,<br>• भाषाविज्ञानका केन्द्रीय क्षेत्र र परिधीय क्षेत्रको भेद बताउन,<br>• भाषाविज्ञानका क्षेत्रको परिचय प्रस्तुत गर्न,<br>• मानव र पशुपन्छीको सम्प्रेषण व्यवस्थामा पाइने अन्तर बताउन,<br>• निर्धारित भाषाविज्ञानका शाखाहरूको वर्णन गर्न,<br>• भाषाविज्ञानका उपयोगिताको बयान गर्न । | एकाइ एक : भाषा र भाषाविज्ञानको परिचय (८ घण्टा)<br>१.१ भाषाको परिचय र यसका विशेषता<br>१.२ भाषाविज्ञानको परिचय र यसका मूलभूत विशेषता<br>१.३ भाषाविज्ञानको क्षेत्र<br>१.३.१ केन्द्रीय : वर्ण, रूप र वाक्य<br>१.३.२ परिधीय : ध्वनि र अर्थ<br>१.४ मानव र पशुपन्छीको सम्प्रेषण व्यवस्था<br>१.५ भाषाविज्ञानका शाखाहरू<br>१.६ भाषाविज्ञानको उपयोगिता |
| • औच्चारिक, साञ्चारिक र श्रावणिक ध्वनि विज्ञानका शाखासहित ध्वनिविज्ञानको परिचय दिन,<br>• औच्चारिक ध्वनिविज्ञानका विशेषता बताउन,<br>• ध्वनिअवयवहरूको चित्रसहित परिचय प्रस्तुत गर्न,<br>• ध्वनि उत्पादन प्रक्रियाको वर्णन गर्न,<br>• भाषिक ध्वनिहरूको पहिचान, वर्गीकरण र वर्णन गर्न,<br>• अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमाला र तिनका विशेषता बताउन, | एकाइ दुई : ध्वनिविज्ञान (८ घण्टा)<br>२.१ ध्वनिविज्ञानको परिचय<br>२.२ ध्वनिविज्ञानका शाखाहरू<br>२.३ ध्वनि अवयवहरूको चित्रसहित वर्णन र ध्वनि उत्पादन प्रक्रिया<br>२.४ ध्वनिहरूको पहिचान, वर्गीकरण र वर्णन |

| विशिष्ट उद्देश्य | पाठ्यविषय |
|---|---|
| • प्रधान र गौण मानस्वरसहित मानस्वरको परिचय प्रस्तुत गर्न | २.५ अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमाला र यसका विशेषता<br>२.६ मानस्वरको परिचय : प्रधान र गौण मानस्वर |
| • वर्णविज्ञानको परिचय दिन,<br>• वर्णविश्लेषणका साथै वर्णविश्लेषण प्रक्रियाको सोदाहरण परिचय प्रस्तुत गर्न,<br>• वर्ण, संवर्ण र लघुतम युग्मको अवधारणा सोदाहरण स्पष्ट पार्न,<br>• खण्डीय वर्ण र तदन्तर्गतका स्वर र व्यञ्जनको परिचय दिन,<br>• खण्डेतर वर्ण र अनुनासिकता, मात्रा, आघात र सुरको बयान गर्न,<br>• नेपाली भाषाका वर्णहरूको पहिचान, वर्गीकरण र वर्णन गर्न,<br>• विभेदक अभिलक्षणका आधारमा नेपाली वर्णहरूको पहिचान गर्न, | एकाइ तीन : वर्णविज्ञान (८ घण्टा)<br>३.१ वर्णविज्ञानको परिचय<br>३.२ वर्ण सिद्धान्त र वर्ण विश्लेषण प्रक्रिया<br>३.३ वर्ण, संवर्ण र लघुतम युग्म<br>३.४ खण्डीय र खण्डेतर वर्ण<br>३.५ नेपाली भाषाका वर्णहरूको पहिचान,<br>३.६ नेपाली स्वर व्यञ्जनहरूको वर्गीकरण र वर्णन |
| • रूपविज्ञानको परिचय दिन,<br>• रूपविश्लेषण प्रक्रिया अन्तर्गत एकाइ र प्रक्रिया एकाइ र समायोजन तथा एकाइ र रूपावलीको सोदाहरण परिचय दिन,<br>• व्युत्पादनको परिचय दिन,<br>• व्युत्पादनमा उपसर्ग, मध्यसर्ग र परसर्ग प्रक्रियाको सोदाहरण परिचय दिन,<br>• रूपायन प्रक्रियाको परिचय दिई रूपायन र व्युत्पादन प्रक्रियामा पाइने भिन्नता बताउन,<br>• समास, द्वित्व र अन्य विविध व्युत्पादन प्रक्रियाको उदाहरण दिन,<br>• सोदाहरण सन्धिप्रक्रियाको चिनारी दिन । | एकाइ चार : रूपविज्ञान (८ घण्टा)<br>४.१ रूपविज्ञानको परिचय<br>४.२ रूपविश्लेषण प्रक्रिया (एकाइ र प्रक्रिया; एकाइ र समायोजन तथा एकाइ र रुपावली)<br>४.३ व्युत्पादन प्रक्रिया (सर्ग, समास, द्वित्व र अन्य)<br>४.४ रुपायन प्रक्रिया र व्युत्पादन प्रक्रिया<br>४.५ सन्धिविज्ञान<br>४.५.१ आन्तरिक र बाह्यसन्धि<br>४.५.२ रूपध्वन्यात्मक परिवर्तन |
| • वाक्यविज्ञानको परिचय दिन,<br>• पद, पदावली, उपवाक्य, वाक्य र सङ्कथनको परिचय दिन,<br>• सङ्गति र शासनको स्वरूप तथा प्रयोगको परिचय दिन,<br>• नेपालीका वाक्यहरूको उदाहरणसहित परिचय दिन ।<br>• समतलीय संरचना र तहगत संरचनाको स्वरूप र उदाहरण प्रस्तुत गर्न,<br>• पदक्रम र यसका प्रकारहरूको वर्णन गर्न,<br>• अवशेष र सञ्चलनको उदाहरण दिन,<br>• वाक्यका निकट घटकहरूको विश्लेषण गर्न र त्यसको सीमा निर्देश गर्न,<br>• चम्स्कीको रूपान्तरण व्याकरणको आधारभूत अवधारणा स्पष्टसँग वर्णन गर्न,<br>• सोदाहरण अनिवार्य र ऐच्छिक रूपान्तरण नियमको व्याख्या गर्न, | एकाइ पाँच : वाक्यविज्ञान (८ घण्टा)<br>५.१ वाक्यविज्ञानको परिचय<br>५.२ पद, पदावली, उपवाक्य, वाक्य र सङ्कथनको परिचय<br>५.३ सङ्गति र शासन<br>५.४ नेपालीका आधारभूत, सरल, संयुक्त र सन्निविष्ट वाक्यहरू<br>५.५ समतलीय तथा तहगत संरचना<br>५.६ वाक्यमा पदक्रम, अवशेष र सञ्चलन<br>५.७ निकट घटक विश्लेषण र यसका सीमा<br>५.८ चम्स्कीको रूपान्तरण व्याकरणका आधारभूत अवधारणा |

| विशिष्ट उद्देश्य | पाठ्यविषय |
|---|---|
| | ५.९ रूपान्तरण नियम (अनिवार्य तथा ऐच्छिक) |
| • अर्थविज्ञानको परिचय दिई यसको क्षेत्रहरुको चिनारी दिन,<br>• अर्थका प्रकारहरूको वर्णन गर्न,<br>• व्याकरणात्मक अर्थ र कोशीय अर्थबारे वर्णन गर्न,<br>• सङ्केत त्रिकोण र अर्थसम्बन्धहरूको परिचय दिन,<br>• सन्दर्भको भूमिका र प्रकारबारे परिचित हुन,<br>• अर्थमा साङ्केतिकता र पूर्वमान्यताको भूमिका बताउन । | एकाइ छ : अर्थविज्ञान (८ घण्टा)<br>६.१ अर्थविज्ञानको परिचय र यसको क्षेत्र<br>६.२ अर्थका प्रकार<br>६.३ व्याकरणात्मक अर्थ र कोशीय अर्थ<br>६.४ सङ्केत त्रिकोण<br>६.५ अर्थसम्बन्धहरू<br>६.६ सन्दर्भ र अर्थ<br>६.७ अर्थमा साङ्केतिकता र पूर्वमान्यताको भूमिका |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक पाठ्य एकाइमा पाठ्यवस्तुको प्रकृति र आवश्यकताअनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, अभ्यास र प्रस्तुतीकरण विधिहरूको उपयोग गरिनेछ । विभिन्न प्रविधिहरुको उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइनेछ । यसै गरी स्मार्ट बोर्ड, प्रोजेक्टर, कम्प्युटर, ल्यापटप, मोबाइल, पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिका आदि समेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड दिइनेछ ।

## ५. मूल्याङ्कन प्रक्रिया

मूल्याङ्कन दुई प्रकारले गरिने छ : (१) आन्तरिक मूल्याङ्कन, यसका निम्ति ४० प्रतिशत अङ्क निर्धारण गरिएको छ, (२) बाह्य मूल्याङ्कन, यसका निम्ति ६० प्रतिशत अङ्क निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कन कक्षा शिक्षण सँगसँगै गरिने छ र बाह्य मूल्याङ्कन सेमेस्टरका अन्त्यमा विश्वविद्यालय परीक्षा प्रणालीले निर्धारण गरे अनुसार हुनेछ । यसका लागि निम्नानुसारको प्रश्नयोजना रहनेछ :

***आन्तरिक मूल्याङ्कन (४० प्रतिशत)***

| | | |
|---|---|---|
| १ | हाजिरी उपस्थिति | ५% |
| २ | गृहकार्य | १०% |
| ३ | परियोजना कार्य | १०% |
| ४ | रिफ्लेक्सन रिपोर्ट लेखन | ५% |
| ५ | लिखित परीक्षा | १०% |

***बाह्य परीक्षा (६० प्रतिशत)***

| | | |
|---|---|---|
| वस्तुगत प्रश्न | १०×१ = १० | १० वटा प्रश्न |
| सङ्क्षिप्त उत्तरात्मक प्रश्न | ६×५ = ३० | २ विकल्पसहित ६ प्रश्न |
| विवेचनात्मक प्रश्न | २×१० = २० | १ विकल्पसहित ३ प्रश्न |

**पाठ्यपुस्तक**

आचार्य, लक्ष्मीप्रसाद, (२०७५). *सामान्य भाषाविज्ञान.* अस्मिता प्रिन्टिङ प्रेस ।

गौतम, देवीप्रसाद र अन्य, (२०६४). *सामान्य भाषाविज्ञान* (प्रथम संस्क.). पिनाकल पब्लिकेसन ।

न्यौपाने, टङ्कप्रसाद र अन्य, (२०६३). *सामान्य भाषाविज्ञान* (प्रथम संस्क.). सनलाइट पब्लिकेसन ।

## सन्दर्भ सामग्री


अधिकारी, सूर्यमणि, (२०५६). *नेपाली भाषाको इतिहास.* भुँडीपुराण प्रकाशन ।

अधिकारी, हेमाङ्गराज, (२०५७). *समसामयिक नेपाली व्याकरण* (दोस्रो संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

क्रिस्टल, डेभिड, (सन् १९७१). *लिङ्ग्विस्टिक्स, हार्मोन्स्.* वर्थ : पेनगुइन प्रकाशन ।

क्लार्क, जोन र कोलिन यालोप, (सन् १९९०). *एन इन्ट्रोडक्सन टु फोनटिक्स एन्ड फोनोलजी.* बासिल ब्लाक वैल ।

गुप्त, भटनागर र अन्य, (सन् २००२). *आधुनिक भाषाविज्ञानकी भूमिका.* राजस्थान हिन्दी ग्रन्थ अकादमी ।

गौतम, देवीप्रसाद, (२०५८). *नेपाली भाषा परिचय.* साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र खगेन्द्रप्रसाद लुईटेल, (२०६१). *ध्वनिविज्ञान र वर्णविज्ञान.* नवीन प्रकाशन ।

ग्रीनबर्ग, जे.एच., (सन् १९५४). *ल्याङ्ग्वेज टाइपोलजी : ए हिस्टोरिकल एन्ड एनालिटिकल ओभर भ्यु.* द हेगः मुटो ।

ढकाल, शान्तिप्रसाद, (२०६९). *सामान्य भाषाविज्ञान,* शुभकामना प्रकाशन ।

तिवारी, भोलानाथ, (सन् १९७२). *आधुनिक भाषाविज्ञान.* दिल्ली : लिपिप्रकाशन ।

तोवा, सुयोसी र अन्य, (२०६२). *नेपालमा भाषाहरूको विविधता र लोपोन्मुख स्थिति* (अनु. लेखनाथ शर्मा पाठक). युनेस्को ।

द्विवेदी, देवीशङ्कर, (सन् १९६४). *भाषा और भाषिकी.* लक्ष्मीनारायण प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद, (२०५५). *भाषाविज्ञानको रूपरेखा.* नेपाल बुक डिपो ।

………… र दीपकप्रसाद न्यौपाने, (२०६५). *रूपविज्ञान.* भुँडीपुराण प्रकाशन ।

पामर, फ्रैङ्क, (सन् १९७१). *ग्रामर.* हार्मोन्स वर्थ : पेङ्ग्विन प्रकाशन ।

पोखरेल, माधवप्रसाद, (२०७०). *नेपाली ध्वनिविज्ञान र नेपालका भाषाको ध्वनिपरिचय.* भुँडीपुराण प्रकाशन ।

बन्धु, चूडामणि, (२०७२). *भाषाविज्ञान* (दशौँ संस्क.). साझा प्रकाशन ।

ब्लुमफिल्ड, लियोनार्ड, (सन् १९६८). *भाषा* (अनु. विश्वनाथ प्रसाद). मोतीलाल बनारसी दास ।

भट्टराई, डी.पी., (२०६४). *नेपाली व्याकरणका कोटिहरू.* विद्यार्थी पुस्तक भण्डार ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी, (२०७३). *भाषाविज्ञान.* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

युल, जर्ज, (सन् १९८५). *द स्टडी अफ ल्याङ्ग्वेज.* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

रबिन्स, चाल्स एफ.,(सन् १९६४). *जनरल लिङ्ग्विस्टिक्स् : एन इन्ट्रोडक्टरी सर्भे.* लडम्यान्स् ।

लम्साल, रामचन्द्र र अन्य, (२०६६). *सामान्य भाषाविज्ञान.* भुँडीपुराण प्रकाशन ।

लेप्स्की, जी.सी., (सन् १९७०). *ए सर्भे अफ स्ट्रक्चरल लिङ्ग्विस्टिक्स.* फेबर एन्ड फेबर ।

लेहम्यान, डब्ल्यू.पी.,(सन् १९६२). *हिस्टोरिकल लिङ्ग्विस्टिक्स.* रुट लेरल ।

ल्याडेफोग्ड, पिटर, (सन् १९७५). *ए कोर्स इन फोनेटिक्स.* हारकोर्ट ।

वर्मा, सत्यकाम र एन. कृष्णास्वामी, (सन् १९८९). *मोर्डन लिङ्ग्विस्टिक्स : एन इन्ट्रोडक्सन.* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

शर्मा, देवीदत्त, (सन् १९८५). *संस्कृतका ऐतिहासिक एवं संरचनात्मक परिचय.* हरियाणा साहित्य अकादमी ।

शर्मा, मोहनराज र कृष्णहरि बराल, (२०७३). *भाषाविज्ञान र नेपाली भाषा.* काठमाडौं बुक सेन्टर ।

श्रीवास्तव, रवीन्द्रनाथ, (सन् १९९४). *अनुप्रयुक्त भाषाविज्ञान : सिद्धान्त एवं प्रयोग.* राधाकृष्ण प्रकाशन ।

हकिट, चार्ल्स एफ., (सन् १९५८). *ए कोर्स इन मोर्डन लिङ्ग्विस्टिक्स.* म्याकमिलन ।

पाठ्यांश शीर्षक : **पूर्वीय साहित्य सिद्धान्त** पाठ्यांश सङ्ख्या : **नेपा२१४**
तह : एम.एड. पाठ्यांश प्रकृति : सैद्धान्तिक
सत्र : पहिलो क्रे.आ. : ३

**१. पाठ्यांश परिचय**

प्रस्तुत पाठ्यांश मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुलअफ एजुकेसनअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित दुई वर्षे मास्टर अफएजुकेसन (एम.एड.) तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई पूर्वीय साहित्यका सिद्धान्त (काव्यको परिचय, हेतु, काव्यप्रयोजन, शब्दशक्ति, रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्तिगुण दोष आदि) को सैद्धान्तिक परिचय र यसका आाधारमा नेपाली साहित्यका प्रमुख कृतिहरुको विवेचना गर्न सक्षम तुल्याउने अपेक्षा गरिएको छ ।

**२. साधारण उद्देश्य**

यस पाठ्यांशका साधारण उद्देश्यहरु छन् :

- पूर्वीय साहित्यका प्रमुख सिद्धान्त बताउन,
- काव्यको परिचय, हेतु र प्रयोजनको वर्णन गर्न,
- पूर्वीय काव्य मान्यतासहित शब्दशक्तिको उपयोगिता निरुपण गर्न,
- पूर्वीय साहित्यका रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्ति, गुण, दोष जस्ता सिद्धान्तको विवेचना गर्न,
- पूर्वीय साहित्य सिद्धान्तका आधारमा नेपाली साहित्यका कृतिको समीक्षा गर्न ।

**३. विशिष्ट उद्देश्य तथा पाठ्य विषय**

| **विशिष्टउद्देश्य** | **पाठ्यविषय** |
|---|---|
| • काव्य र साहित्यको परिचय दिन,<br>• काव्य र परिभाषा उल्लेख गरी समीक्षा गर्न,<br>• काव्यहेतुको परिचयसहित प्रकारहरुको वर्णन गर्न,<br>• काव्यप्रयोजनको अभिप्राय स्पष्ट पारी काव्यका प्रमुख प्रयोजन बारे परिचित हुन | **एकाइ एक : काव्यको परिचय (५ क्रे.आ.)**<br>१.१ काव्य र साहित्य<br>१.२ काव्यको परिभाषा<br>१.३ काव्य हेतु र यसकाप्रकार<br>१.३.१ प्रतिभा<br>१.३.२ व्युत्पत्ति<br>१.४ काव्यप्रयोजन |
| • शब्दशक्तिको परिचयदिन,<br>• शब्दशक्तिका भेद उल्लेख गर्न,<br>• अभिधाशक्तिको परिचय र प्रकारहरुको वर्णन<br>• लक्षणाशक्तिको परिचयदिन,<br>• लक्षणाशक्तिका रुढि र प्रयोजनवतीका भेदको सोदाहरणचर्चा गर्न,<br>• व्यञ्जना शब्दशक्तिको परिचयदिन,<br>• व्यञ्जना शब्दशक्तिका प्रकार बताउन,<br>• शाब्दि र आर्थी व्यञ्जनालाई सोदाहरणचिनाउन,<br>• साहित्यमा शब्दशक्तिको उपयोगिता औंल्याउन । | **एकाइदुई : शब्दशक्ति(५क्रे.आ.)**<br>२.१ शब्दशक्तिको परिचय<br>२.२ शब्दशक्तिको भेद<br>२.२.१ अभिधा शब्दशक्तिको परिचय र यसका : रुढि, यौगिक, योगरुढ<br>२.२.२ लक्षणा शब्दशक्तिको परिचय र यसकाप्रकार : रुढिलक्षणा, प्रयोजनवती लक्षणा<br>२.२.३ व्यञ्जनाशब्दशक्तिको परिचय र यसकाप्रकार : शाब्दीव्यञ्जना, आर्थी व्यञ्जना<br>२.३ साहित्यमा शब्दशक्तिको उपयोगिता |
| • काव्यदोषको परिचयदिन,<br>• काकाव्यदोषको परिभाषा उल्लेख गर्न,<br>• काव्यदोषको प्रमुख भेदलाई सोदाहरण चिनाउन, | **एकाइतीन : काव्यदोष र काव्यगुण(५ क्रे.आ.)**<br>३.१ काव्यदोष<br>३.१.१ काव्यदोषको परिचय र परिभाषा |

| | |
|---|---|
| • काव्यगुणको परिचय दिन,<br>• काव्यगुणको परिभाषा बताउन,<br>• काव्यगुणका प्रकारको सोदाहरण परिचय दिन, | ३.२.२ काव्यदोषका प्रकार<br>३.२ काव्यगुण<br>३.२.१ काव्यगुणको परिचय र परिभाषा<br>३.२.२ काव्यगुणको प्रकार र तिनको परिचय :<br>माधुर्य गुण, ओज गुण, प्रसादगुण |
| • रससिद्धान्तकाके परिचय र परिभाषा बताउन,<br>• रसको परिभाषा र स्वरुप बताउन,<br>• रससामग्रीको परिचय दिई प्रकार बताउन,<br>• रससूत्रका प्रमुख मान्यताको चर्चा गर्न,<br>• साधारणीकरणको परिचय दिन,<br>• सोदाहरण रसका प्रकारहरुको वर्णन गर्न, | **एकाइचार : रससिद्धान्त (८क्रे.आ.)**<br>४.१ रसको परिभाषा<br>४.२ रस सामग्री : विभाव, अनुभाव, सञ्चारी भाव/व्यभिचारी भाव र स्थायीभाव<br>४.३ रससूत्रको प्रमुख मान्यता<br>४.४ साधारणीकरण<br>४.५ रसकाप्रकार |
| • ध्वनिसिद्धान्तको अर्थ र परिभाषा उल्लेख गर्न,<br>• अभिव्यक्तिका आधारमा वस्तु अलङ्कार र रसध्वनिको परिचय दिन,<br>• काव्यश्रेणीका आधारमा उत्तम, मध्यम, अधमकाव्यलाई चिनाउन,<br>• ध्वनिसिद्धान्तको मूल्याङ्कनगर्न, | **एकाइपाँच : ध्वनिसिद्धान्त (५ क्रे.आ.)**<br>५.१ ध्वनिको अर्थ र परिभाषा<br>५.२ विभिन्न आधारमा ध्वनिको वर्गीकरण:<br>अभिव्यक्तिकाआधारमा, काव्यश्रेणीकाआधारमा<br>५.४ ध्वनिसिद्धान्तको मूल्याङ्कन |
| • अलङ्कार सिद्धान्तको अर्थ र परिभाषा बताउन,<br>• शब्दालङ्कार र अर्थालङ्कारलाई सोदाहरण चिनाउन,<br>• साहित्यमा अलङ्कारको उपयोगिता औँल्याउन,<br>• | **एकाइ छ : अलङ्कार सिद्धान्त(१० क्रे.आ.)**<br>६.१ अलङ्कारको अर्थ र परिभाषा<br>६.२ शब्दालङ्कार र अर्थालङ्कार<br>६.२.१निम्नलिखित शब्दालङ्कारको परिभाषा र उदाहरण : अनुप्रास, यमक, श्लेष<br>६.२.२ निम्नलिखित अर्थालङ्काकरको परिभाषा र उदाहरण : उपमा, रुपक, उत्प्रेक्षा, दृष्टान्त, सन्देह, अपह्नुपति, अतिशयोक्ति, दीपक, समासोक्ति<br>६.३ साहित्यमाअलङ्कारको उपयोगिता |
| • रीतिसिद्धान्तको अर्थ र परिभाषाबताउन,<br>• रीति र शैलीका समानता र असमानता छुट्याउन,<br>• रीतिका वैदर्भी, गौडी र पाञ्चाली भेदको सोदाहरण चर्चा गर्न,<br>• साहित्यमा रीतिको भूमिका निर्धारण गर्न वक्रोक्तिसिद्धान्तको अर्थ र परिभाषा उल्लेख गर्न,<br>• वक्रोक्तिका भेदलाई सोदाहरण चिनाउन,<br>• साहित्यमा वक्रोक्तिको उपयोगिता औँल्याउन,<br>• रीतिसिद्धान्त र वक्रोक्तिसिद्धान्तको तुलनागर्न, | **एकाइ सात : रीतिसिद्धान्त र वक्रोक्तिसिद्धान्त (१० क्रे.आ.)**<br>७.१ रीतिसिद्धान्त<br>७.१.१ रीतिको अर्थ र परिभाषा<br>७.१.२ रीतिकाप्रकार : वैदर्भी, गौडी, पाञ्चाली<br>७.१.३ साहित्यमा रीतिको भूमिका<br>७.२ वक्रोक्तिसिद्धान्त<br>७.२.१ वक्रोक्तिका भेदहरु : वर्णविन्यास, पदपूर्वार्द्ध, पदपरार्ध, वाकयवक्राता, प्रकरणवक्रता, प्रबन्धवक्रता<br>७.२.२ साहित्यमावक्रोक्तिको उपयोगिता |

**४. शिक्षणप्रक्रिया**

पाठ्य एकाइमा पाठ्यवस्तुको प्रकृति र आवश्यकताअनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, अभ्यास र प्रस्तुतीकरण विधिहरुको उपयोग गरिने छ । व्याख्यान विधिलाई कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरुलाई बढी महत्व दिइने छ । यसैगरी पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, आरेख, तालिका सूचीआदि समेतको उपयोग गरेर योजनावद्ध शिक्षण गर्नमा जोड दिइनेछ ।

**५. मूल्याङ्कन प्रक्रिया**

मूल्याङ्कन दुई प्रकारले गरिने छ। (१)आन्तरिक मूल्याङ्कन, यसका निम्ति ४० प्रतिशत अङ्क निर्धारण गरिएको छ। (२) बाह्यमूल्याङ्कनका निम्ति ६० प्रतिशत अङ्क निर्धारण गरिएको छ। आन्तरिक मूल्याङ्कन कक्षाशिक्षणसँगसँगै गरिने छ र बाह्यमूल्याङ्कन सेमेस्टरका अन्त्यमा विश्वविद्यालय परीक्षा प्रणालीले निर्धारण गरे अनुसार हुनेछ। यसका लागि निम्नानुसारको प्रश्नयोजना रहनेछ।

**आन्तरिक मूल्याङ्कन (४० प्रतिशत)**

| | | |
|---|---|---|
| १. | उपस्थिति | ५ % |
| २. | गृहकार्य | १० % |
| ३ | कक्षा प्रस्तुतीकरण | १० % |
| ४ | परियोजना कार्य | ५% |
| ५ | लिखित परीक्षा | १० % |

**बाह्य मूल्याङ्कन (६० प्रतिशत)**

| | | |
|---|---|---|
| वस्तुगतप्रश्न | १०×१=१० | १० वटाप्रश्न |
| सङ्क्षिप्त उत्तरात्मक प्रश्न | ६×५=३० | २ विकल्पसहित ६ प्रश्न |
| विवेचनात्मक प्रश्न | २×१०=२० | १ विकल्पसहित ३ प्रश्न |

**पाठ्यपुस्तक**

उपाध्याय, केशवप्रसाद (२०४८), पूर्वीय साहित्य सिद्धान्त, ललितपुर : साझाप्रकाशन।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६९), साहित्यशास्त्र र नेपाली समालोचना, काठमाडौँ : विद्यार्थी पुस्तकभण्डार।

शर्मा, मोहनराज लुइटेल, खगेन्द्रप्रसाद (२०६१), पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्त, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

**सन्दर्भपुस्तक**

अधिकारी हेमाङ्गराज (२०५०),पूर्वीय समालोचना सिद्धान्त, ललितपुर : साझा प्रकाशन।

तिवारी, सियाराम (सन् १९९१), साहित्यशाास्त्रऔर काव्यभाषा, नयाँदिल्ली : भूमिका प्रकाशन।

मिश्र, भागिरथ (सन् १९९७), काव्यशास्त्र, वाराणसी : विश्वविद्यालय प्रकाशन।

मिश्र, विश्वनाथप्रसाद (२०३५), वाङ्मय विमर्श, दिल्ली : वाङ्मय प्रकाशन।

शर्मा, सोमनाथ (२०५८), साहित्यप्रदीप, काठमाडौँ : विद्यार्थी पुस्तकभण्डार।

मध्यपश्चिम विश्वविद्यालय
ग्याजुएट स्कुल अफ एजुकेसन
एम.एड. नेपाली शिक्षा

पाठ्यांश शीर्षक : **आधुनिक नेपाली कविता** पाठ्यांश सङ्ख्या : **नेपा२१५**
तह : एम.एड. पाठ्यांश प्रकृति : सैद्धान्तिक
सत्र : पहिलो क्रे.आ. : ३

## १. पाठयांश परिचय

प्रस्तुत पाठ्यांश मध्यपश्चिम विश्वविद्यालय, ग्याजुएट स्कुल अफ एजुकेसनअन्तरगत सेमेस्टर प्रणालीमा आधारित दुई बर्से (चार सेमेस्टर) मास्टर अफ एजुकेसन (एम.एड.) तहमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि तयार गरिएको हो । यस पाठ्यांशमा नेपाली कविता र गीत गजलको सैद्धान्तिक स्वरूप, विकासक्रम, मुख्य प्रवृत्ति, मोड, उपमोड, धारा, उपधारा तथा प्रमुख प्रतिभाका तोकिएका रचनाहरूको समीक्षात्मक अध्ययन गराउने उद्देश्य राखिएको छ ।

## २. साधारण उद्देश्य

- पूर्वीय तथा पाश्चात्य मान्यताका आधारमा कविताको सैद्धान्तिक स्वरूप, प्रकार र तत्त्वको सैद्धान्तिक परिचय दिने,
- कविताको कविताको विकासक्रम, तिनका प्रमुख मोड, धारा, र उपधाराको चर्चा गर्ने,
- निर्धारित कवि, गीतकार र गजलकारको परिचयका साथै प्रमुख प्रवृत्तिहरूको परिचय दिने,
- तोकिएका कृतिको आस्वादन, बोध गर्न तथा विभिन्न कोणबाट विश्लेषण गर्ने,
- तोकिएका गीतहरूको तात्त्विक विवेचना र विशिष्ट पङ्क्तिको व्याख्या गर्न सक्षम तुल्याउने,
- उल्लिखित कविता, गीत र गजलका विशिष्ट पङ्क्तिको व्याख्या गर्ने,
- समसामयिक नेपाली कविता, गीत तथा गजलका नवरूप र प्रवृत्तिको चर्चा गर्ने ।

## ३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| **विशिष्ट उद्देश्य** | **पाठ्यविषय(२०८२)** |
|---|---|
| • कविताको सैद्धान्तिक स्वरूप बताउन,<br>• कविताका तत्त्वहरूको जानकारी लिन,<br>• नेपाली कविताको विकासक्रम, प्रमुख धारा तथा प्रवृत्तिहरू उल्लेख गर्न,<br>• समसामयिक नेपाली कविताका नवरूप र प्रवृत्तिको चर्चा गर्न, | एकाइ एक : नेपाली कविताको सैद्धान्तिक परिचय (१२ घण्टा)<br>१.१ कविताको सैद्धान्तिक स्वरूप<br>१.१.१ कविताको परिचय र परिभाषा<br>१.१.२ कविताका रूप/प्रकार<br>१.१.३ कविताका तत्त्व<br>१.२ नेपाली कविताको विकासक्रम र धारागत प्रवृत्तिहरू<br>१.२.१ प्राथमिक काल<br>१.२.२ माध्यमिक काल<br>१.२.३ आधुनिक काल<br>१.३ समसामयिक नेपाली कविताका नवरूप र प्रवृत्ति |
| • निर्धारित कविहरूको परिचय दिन, मुख्य प्रवृत्ति र योगदानको चर्चा गर्न,<br>• निर्धारित कविताको पठन, आस्वादन र बोध गर्न,<br>• निर्धारित कविताहरूको तत्त्वगत विश्लेषण गर्न,<br>• निर्धारित कवितालाई विभिन्न कोणबाट विश्लेषण गर्न, | एकाइ दुई : निर्धारित कवि र तिनका कविताहरू (१२ घण्टा)<br>२.१ लेखनाथ पौड्याल : बयोवृद्ध कोइलीको बिलौना<br>२.२ माधव घिमिरे : कालीगण्डकी<br>२.३ वैरागी काँइला : एकान्तको अजिङ्गर<br>२.४ वानीरा गिरी : एउटा एउटा जिउँदो जंगबहादुर<br>२.५ आहुति : गहुँगोरो अफ्रिका |

| विशिष्ट उद्देश्य | पाठ्यविषय(२०८२) |
|---|---|
| • निर्धारित कविताका विशिष्ट पङ्क्तिको व्याख्या गर्न । | |
| • गीतको सैद्धान्तिक स्वरूप पहिल्याउन<br>• निर्धारित गीतकारको परिचय दिन,<br>• निर्धारित गीतकारका मुख्य प्रवृत्ति निर्धारण गर्न,<br>• निर्धारित गीतको पठन, आस्वादन र बोध गर्न,<br>• निर्धारित गीतहरूको तत्त्वगत विश्लेषण गर्न,<br>• निर्धारित गीतको विभिन्न कोणबाट विश्लेषण गर्न,<br>• निर्धारित गीतका विशिष्ट पङ्क्तिको व्याख्या गर्न । | एकाइ तीन : गीतको सैद्धान्तिक स्वरूप, विकासक्रम र गीतहरू (१२ घण्टा)<br>३.१ गीतको सैद्धान्तिक स्वरूप<br>३.२ गीतको विकासक्रम र तिनका प्रमुख चरणगत प्रवृत्ति<br>३.३ क्षेत्रप्रताप अधिकारी : म त लालीगुराँस भएँछु<br>३.४ दुर्गालाल श्रेष्ठ : फूलको आँखामा फुलै संसार<br>३.५ श्याम तमोट : गाउँ गाउँबाट उठ |
| • गजलको सैद्धान्तिक स्वरूप पहिल्याउन निर्धारित गजलकारको परिचय दिन,<br>• निर्धारित गजलकारका मुख्य प्रवृत्ति निर्धारण गर्न,<br>• निर्धारित गजलको पठन, आस्वादन र बोध गर्न,<br>• निर्धारित गजलहरूको तत्त्वगत विश्लेषण गर्न,<br>• निर्धारित गजलको विभिन्न कोणबाट विश्लेषण गर्न<br>• निर्धारित गजलका विशिष्ट पङ्क्तिको व्याख्या गर्न । | एकाइ चार : गजलको सैद्धान्तिक स्वरूप, विकासक्रम र गजलहरू (१२ घण्टा)<br>४.१ गजलको सैद्धान्तिक स्वरूप<br>४.२ गजलको विकासक्रम र तिनका प्रमुख चरणगत प्रवृत्ति<br>४.३ निर्धारित गजलको विश्लेषण<br>४.३.१ ज्ञानुवाकर पौडेल : ओइली झरेछ फूल<br>४.३.२ कृष्णहरि बराल : मलाई यो जीवन<br>४.३.३ ललिजन रावल : आफै मात्र भोग खाने |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक पाठ्य एकाइमा पाठ्यवस्तुको प्रकृति र आवश्यकताअनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, गृहकार्य, सामूहिक कार्य, अभ्यास र प्रस्तुतीकरण विधिहरूको उपयोग गरिने छ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्व दिइने छ । यसै गरी पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड दिइने छ ।

## ५. मूल्याङ्कन प्रक्रिया

मूल्याङ्कन दुई प्रकारले गरिने छ : (१) आन्तरिक मूल्याङ्कन, यसका निम्ति ४० प्रतिशत अङ्क निर्धारण गरिएको छ, (२) बाह्य मूल्याङ्कन, यसका निम्ति ६० प्रतिशत अङ्क निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कन कक्षा शिक्षण सँगसँगै पाठ्यविषयको प्रकृतिअनुसार निम्नानुसारका कार्य गर्नुपर्ने छ । बाह्य मूल्याङ्कन सेमेस्टरका अन्त्यमा विश्वविद्यालय परीक्षा प्रणालीले निर्धारण गरेअनुसार हुने छ ।

***आन्तरिक मूल्याङ्कन (४० प्रतिशत)***

| हाजिरी/ कक्षा सहभागिता | आन्तरिक (मध्यावर्ती) लिखित परीक्षा | अध्ययनपत्र लेखन, पुस्तक समीक्षा तथा प्रयोगात्मक कार्य | प्रस्तुतीकरण, गृहकार्य, कक्षाकार्य | परियोजना कार्य, गोष्ठी आयोजना तथा क्षेत्र भ्रमण | जम्मा |
|---|---|---|---|---|---|
| ५ | १० | १० | १० | ५ | ४० |

सम्बन्धित शिक्षकले विषयको प्रकृति हेरेर आन्तरिक मूल्याङ्कनभित्र अनुसन्धानमूलक लेख, अध्ययनपत्र लेखन, पुस्तक समीक्षा, लेख पुनरावलोकन, लिखित तथा मौखिक परीक्षा, प्रयोगात्मक कार्य, गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, गोष्ठी आयोजना, क्षेत्र भ्रमण, व्यक्तिगत वा सामूहिक कार्य जस्ता विविध प्राज्ञिका कार्य सञ्चालन गर्नसक्ने छन् ।

***बाह्य परीक्षा (६० प्रतिशत)***

| | | |
|---|---|---|
| वस्तुगत प्रश्न | १०×१=१० | १० वटा प्रश्न |

| | | |
|---|---|---|
| सङ्क्षिप्त उत्तरात्मक प्रश्न | ६×५=३० | २ विकल्पसहित ६ प्रश्न |
| विवेचनात्मक प्रश्न | २×१०=२० | १ विकल्पसहित ३ प्रश्न |

**पाठ्यपुस्तक**


काइँला, बैरागी (२०३१). *बैरागी काइँलाका कविताहरू.* साझा प्रकाशन ।

गिरी, वानीरा (२०३१). *एउटा एउटा जिउँदो जंगबहादुर.* आनन्द प्रेस ।

त्रिपाठी, वासुदेव (२०४६). *नेपाली कविता भाग-४.* साझा प्रकाशन ।

तमोट, श्याम (२०३१). *गाउँ गाउँबाट उठ.* साझा प्रकाशन ।

पौड्याल, लेखनाथ (२०१०). *लालित्य भाग १.* साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०५१). *एक फूल : अनेक पत्र.* साझा प्रकाशन ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६८). *नेपाली कविता र काव्य.* विद्यार्थी पुस्तक भण्डार ।

मुकारुङ, राजन (२०७६). *बैरागी काइँलाका सङ्कलित कविता.* फिनिक्स बुक्स ।

राना, बूँद (२०६४). *रातो मलाई प्यारो.* नेपाल राष्ट्रिय जनसांस्कृतिक मञ्च ।

रावल, ललिजन (२०६८). *चार गजलकारका उत्कृष्ट गजल.* बी.एन. पुस्तक संसार प्रा.लि. ।


**सन्दर्भ सामग्री**


उदासी, टीकाराम(२०५९). *गजल सिद्धान्त र नेपाली गजलको इतिहास.* काठमाडौं ।

त्रिपाठी, वासुदेव (२०६३). *नेपाली कविताको सिंहावलोकन.* साझा प्रकाशन ।

परिश्रमी, घनश्याम, न्यौपाने, *गजल सौन्दर्य मीमांसा,* भैरहवा : सनसाइन आ.मा.वि. ।

पौडेल, हेमनाथ. *प्रगतिवादी दृष्टिमा कवि र कविता.* पैरवी प्रकाशन ।

बराल, कृष्णहरि (२०६४). *गजल, सिद्धान्त र परम्परा.* साझा प्रकाशन ।

........... *गीत सिद्धान्त र इतिहास.* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०६६). *काव्य विवेचना.* विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास.* ने.रा.प्र.प. ।

सुवेदी, अभि (२०५५). *समकालीन नेपाली कविता.* ने.रा.प्र.प. ।

मध्यपश्चिम विश्वविद्यालय
ग्र्याजुएट स्कुल अफ एजुकेसन
एम.एड. नेपाली शिक्षा

पाठ्यांश शीर्षक : **आधुनिक नेपाली कथा र उपन्यास** पाठ्यांश सङ्ख्या : **नेपा२१६**
तह : एम.एड. पाठ्यांश प्रकृति : सैद्धान्तिक
सत्र : पहिलो क्रे.आ. : ३

**१. पाठयांश परिचय**

प्रस्तुत पाठ्यांश मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुल अफ एजुकेसन अन्तरगत सेमेस्टर प्रणालीमा आधारित दुई बर्से मास्टर अफ एजुकेसन (एम.एड.) तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यसमा आधुनिक नेपाली आख्यान साहित्यको सिद्धान्त, स्वरूप, विकासक्रमको परिचय, प्रवृत्ति एवम् प्रतिनिधि कथाकार र उपन्यासकारका कृतिको विवेचनात्मक अध्ययन गराउने दृष्टिकोण राखिएको छ ।

**२. साधारण उद्देश्य**

यस पाठ्यांशका साधारण उद्देश्यहरू तल उल्लेख गरिएका छन् :

- कथा र उपन्यासको सैद्धान्तिक परिचयका साथै विकासक्रमको जानकारी प्रदान गर्ने,
- निर्धारित कथाकार र उपन्यासकारहरूको प्रवृत्तिगत परिचय दिन सक्षम तुल्याउने,
- निर्धारित कथा र उपन्यासहरूको आस्वादन, बोध तथा विवेचना गर्न सक्ने क्षमताको विकास गर्ने ।

**३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय**

| **विशिष्ट उद्देश्य** | **पाठ्यविषय(२०८२)** |
|---|---|
| • कथाको सैद्धान्तिक परिचय दिन,<br>• कथाको विधागत स्वरूप निर्धारण गर्न,<br>• कथाको परिभाषा बताउन,<br>• कथाको वर्गीकरण गर्न,<br>• कथाका घटक तत्त्वहरूको ज्ञान प्राप्त गर्न<br>• अन्य विधासँग कथाको सम्बन्ध बताउन, | **एकाइ एक : कथाको सैद्धान्तिक परिचय (पाठ घन्टी ६)**<br>१.१.१ कथाको परिचय र परिभाषा<br>१.१.२ कथाको वर्गीकरण<br>१.१.३ कथाका तत्त्वहरू<br>१.२ अन्य विधासँग कथाको सम्बन्ध (उपन्यास, जीवनी र निबन्ध) |
| • नेपाली कथाको विकासक्रमका प्रमुख मोड, धारा, उपधारा र तिनका प्रवृत्ति ठम्याउन,<br>• नेपाली कथाको कालगत प्रवृत्तिहरू केलाउन,<br>• आधुनिक नेपाली कथाको धारागत प्रयोग, प्रवृत्ति र उपलब्धिहरूको मूल्याङ्कन ।<br>• पूर्ववर्ती र उत्तरवर्ती नेपाली कथाको ऐतिहासिक विकासक्रम, प्रमुख मोड, धारा र प्रवृत्तिहरूको तुलनात्मक अध्ययन गर्नु , | **एकाइ दुई : नेपाली कथाको विकासक्रम प्रमुख मोड, धारा र प्रवृत्ति (पाठ घन्टी ६)**<br>२.१ प्राथमिक काल : उद्भव, विकास र उपलब्धि<br>२.२ माध्यमिक काल : प्रवृत्ति र उपलब्धि<br>२.३ आधुनिक कालका पूर्ववर्ती तथा उत्तरवर्ती चरण<br>२.४ पूर्ववर्ती र उत्तरवर्ती चरणका नेपाली कथाको तुलनात्मक अध्ययन। |
| • निर्धारित कथाकारहरूको परिचय दिन,<br>• निर्धारित कथाकारहरूका प्रवृत्तिगत विशेषता पहिल्याउन,<br>• कथागत तत्त्वका आधारमा निर्धारित कथाको विश्लेषण गर्न,<br>• निर्धारित कथाका विशिष्ट पङ्क्तिको व्याख्या गर्न । | **एकाइ तीन : निर्धारित कथाकारका कथाहरू (घन्टी १५)**<br>३.१ कथाकारको परिचय<br>३.२ कथाकारका प्रवृत्तिगत मुख्य विशेषता<br>३.३ कथागत तत्त्वका आधारमा निर्धारित कथाको विश्लेषण<br>३.४ निर्धारित कथाका विशिष्ट पङ्क्तिको व्याख्या गर्न।<br>३.५ निर्धारित कथाकार र तिनका कथा |

| विशिष्ट उद्देश्य | पाठ्यविषय(२०८२) |
|---|---|
| | ३.५ .१ गुरुप्रसाद मैनाली : परालको आगो<br>३.५ .२ विश्वेश्वरप्रसाद कोइराला : श्वेतभैरवी<br>३.५.३ रमेश विकल : शव, सालिक र सहस्र बुद्ध<br>३.५ .४ इन्द्रबहादुर राई : त्यसरी बाँचेको छ, त्यसरी नै<br>३.५ .५ माया ठकुरी : आमा जानुहोस |
| • .उपन्यासको सैद्धान्तिक परिचय र परिभाषा<br>• दिन,<br>• उपन्यासको विधागत स्वरूप पहिचान गर्न,<br>• उपन्यासको वर्गीकरण गर्न,<br>• उपन्यासका तत्वहरुको जानकारी दिन,<br>• उपन्यासको अन्य विधासँगको सम्बन्ध बताउन, | **एकाइ चार :उपन्यासको सैद्धान्तिक परिचय (पाठ्यघन्टी—६)**<br>४.१ उपन्यासको ( परिभाषा र विधागत स्वरूप) परिचय,<br>४.२ उपन्यासको वर्गीकरण<br>४.३ उपन्यासका तत्वहरु<br>४.४ उपन्यासको अन्य विधा (कथा, नाटक, महाकाव्य) सँग सम्बन्ध |
| • नेपाली उपन्यासको विकासक्रमको वर्णन गर्न,<br>• नेपाली उपन्यासका कालगत प्रवृत्ति एवम्<br>• उपलब्धिहरुको जानकारी दिन<br>• नेपाली उपन्यासका उत्तरवर्ती प्रयोग र प्रवृत्ति बताउन<br>• नेपाली उपन्यासका समसामयिक प्रयोग र प्रवृत्ति औंल्याउन<br>• पूर्ववर्ती र उत्तरअर्ति नेपाली उपन्यासरुको मूल्याङ्कन गर्न । | एकाइ पाँच : नेपाली उपन्यासको विकासक्रम र प्रमुख मोड (पाठ्यघन्टी ५)<br>५.१ प्राथमिक काल (प्रवृत्ति,उपलब्धि र मूल्याङ्कन)<br>५.२ माध्यमिक काल (प्रवृत्ति,उपलब्धि र मूल्याङ्कन)<br>५.३ आधुनिक काल<br>५.३.१ प्रमुख मोड र धारा तथा तिनका प्रवृत्ति |
| • . आधुनिक नेपाली प्रतिनिधि उपन्यासकारको परिचय दिन र तिनका प्रवृत्तिगत विशेषता पहिल्याउन,<br>• उपन्यास तत्वका आधारमा निर्धारित उपन्यासको विश्लेषण गर्न,<br>• निर्धारित उपन्यासका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न । | **एकाइ छ : आधुनिक नेपाली प्रतिनिधि उपन्यासकार र तिनका प्रतिनिधि उपन्यासहरुको अध्ययन (पाठ्य घन्टी—१० )**<br>६ .१ निर्धारित उपन्यासकारको परिचय<br>६ .२ निर्धारित उपन्यासकारका औपन्यासिक प्रवृत्तिहरू<br>६ .३ निर्धारित आधारमा उपन्यासको अध्ययन (संरचना, कथानक, चरित्र, पर्यावरण, सारवस्तु, दृष्टिबिन्दु, भाषाशैली, प्रतीक र बिम्ब, शीर्षकको सार्थकता) |

**४. शिक्षण प्रक्रिया**

प्रत्येक पाठ्य एकाइमा पाठ्यवस्तुको प्रकृति र आवश्यकता अनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, अभ्यास र प्रस्तुतीकरण, परियोजना कार्य, समस्या समाधान पुस्तकालय कार्यविधिहरूको उपयोग गरिने छ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइने छ । विशेषतः कृतिहरुको शिक्षण गर्दा विषय वस्तु, परिवेश (समसामयिक सन्दर्भमा समेत), उद्देश्य, विचार पक्ष, प्रस्तुति र भाषा शैली जस्ता पक्षमा जोड दिई अन्य पक्षका हकमा शिक्षक शिक्षिकाले सम्बद्ध पक्षको नमुना प्रदर्शन गरी तदनुरूप विद्यार्थीहरुलाई समूहगत वा व्यक्तिगत रूपमा परियोजना, गृहकार्य वा पुस्तकालय कार्यमा सहभागी बनाई कथा लेख्न लगाई

प्रकाशन गर्न लगाउने वा कक्षा प्रस्तुति गराउनु अपेक्षित छ । यसै गरी पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड दिइने छ ।

**५. मूल्याङ्कन प्रक्रिया**

मूल्याङ्कन दुई प्रकारले गरिने छ (१) आन्तरिक मूल्याङ्कन, यसका निम्ति ४० प्रतिशत अङ्क निर्धारण गरिएको छ, (२) बाह्य मूल्याङ्कन, यसका निम्ति ६० प्रतिशत अङ्क निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कन कक्षा शिक्षण सँगसँगै गरिने छ र बाह्य मूल्याङ्कन सेमेस्टरका अन्त्यमा विश्वविद्यालय परीक्षा प्रणालीले निर्धारण गरे अनुसार हुनेछ । यसका लागि निम्नानुसारको प्रश्नयोजना रहनेछ ।

**आन्तरिक मूल्याङ्कन (४० प्रतिशत)**

| | | |
|---|---|---|
| १ | हाजिरी उपस्थिति | ५% |
| २ | गृहकार्य | १० % |
| ३ | परियोजना कार्य | १० % |
| ४ | रिफ्लेक्सन रिपोर्ट लेखन | ५ % |
| ५ | लिखित परीक्षा | १०% |

**बाह्य परीक्षा (६० प्रतिशत)**

| | | |
|---|---|---|
| वस्तुगत प्रश्न | १०×११०= | १० वटा प्रश्न |
| सङ्क्षिप्त उत्तरात्मक प्रश्न | ६×५३०= | २ विकल्पसहित ६ प्रश्न |
| विवेचनात्मक प्रश्न | २×१०२०= | १ विकल्पसहित ३ प्रश्न |

**पाठ्यपुस्तक**

कोइराला, विश्वेश्वरप्रसाद (२०३९), *श्वेतभैरवी,* साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र कृष्णप्रसाद घिमिरे, सम्पा., नेपाली कथा भाग ३, साझा प्रकाशन ।

ठकुरी, माया (२०६४), *आमा जानुहोस्,* रत्न पुस्तक भण्डार ।

न्यौपाने, अमर (२०७६) *गुलाबी उमेर,* फाइन प्रिन्ट बुक्स।

पाठक, व्याकुल (२०६८ सम्पा.), *प्रख्यात नेपाली कथा—३,* रत्न पुस्तक भण्डार ।

पारिजात (२०६८), *शिरीषको फूल,* साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* साझा प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६६), *नेपाली गद्य र नाटक,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

मैनाली, गुरुप्रसाद (२०६०), *नासो,* साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०२८), *कथास्था,* साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम ( सम्पा.) *नेपाली कथा, भाग—४,* साझा प्रकाशन ।

**सन्दर्भ पुस्तक**

आचार्य, सुषमा (२०५८), *लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन,* पदम कुमार आचार्य ।

उपाध्याय, केशव प्रसाद (२०३०), *साहित्य प्रकाश,* साझा प्रकाशन ।

गौतम, दीपक, ( ) *समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति,* काठमाडौं : लेखक स्वयम् ।

नेपाल, घनश्याम( ) *नेपाली साहित्यको परिचयात्मक इतिहास,* काठमाडौं : एकता बुक्स ।

.......... *आख्यानका कुरा,* एकता बुक्स ।

पौडेल, परशुराम (२०६५) *कथाको रूपविन्यास* : सिद्धान्त र विवेचना, नवराज बजगाइँ ।
पौडेल, राजेन्द्र प्रसाद (२०६८), *नेपाली कथाकारका प्रतिनिधि कथा*, हिमशिखर प्रकाशन ।